# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मिति :.......................

### आन्तरिक आयको डाक बढाबढको सूचना ।
प्रकाशित मितिः २०७७/०६/१६

कनकाई नगरपालिकाको आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ अनुसार यस कनकाई नगरपालिकाको आ.व.२०७७/७८ का लागि आन्तरिक आय संकलन गर्न तपिशल शीर्षक अनुसारका आयमा डाक बढाबढको माध्यमबाट ठेक्का लगाउनुपर्ने भएकोले ठेक्का लिन चाहानु हुने योग्य फर्म/ संस्था बीच यो सूचना प्रकाशन भएको मितिले ८औं दिनको ठिक २:०० बजे यस कार्यालयमा डाक बढाबढ गराईने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना तथा जानकारी यस कायालको वेभसाईटमा हेर्न सकिनेछ ।

**तपिशलः**

| क्र. स. | ठे.न. | ठेक्का शीर्षक | आ व २०७७/७८ को लागि न्यूनतम अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १ | **IR/03/077-78** | दुर्गापुर बजार क्षेत्र तर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | रु २,००,०००/- | |
| २ | **IR/04/077-78** | विज्ञापन कर | ४,००,०००/- | |

**शर्तहरुः**

१. डाक बढाबढमा भाग लिन इच्छुक फर्म/संस्थाहरुले नागरिकता प्रमाणपत्रको प्रतिलपि, आय कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलपि र आ.व ०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा निवेदन संलग्न राखी मिति २०७७/०६/२२ गते दिउसो १२ बजे भित्रमा न्यूनतम मूल्यको ५ प्रतिशतले धरौटी वापत हुन आउने रकम सहित यस कार्यालयको र राजश्व शाखामा नाम दर्ता गराउनु पर्नेछ ।
२. बढाबढ कार्य मिति २०७७/०६/२२ गते दिउँसो २ बजे देखि कार्यलय समय सम्म यस कार्यालयको सभा कक्षामा हुनेछ ।
३. बढाबढको शुरु अंक न्यूनतम मूल्य माथि उल्लेख भए बमोजिम हुनेछ । डाक बोल्न अगावै बोलिको अंकको ५ प्रतिशतले हुन आउने रकम नगदै धरौटी राख्नु पर्नेछ र डाक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी अंक थप हुँदै जानेछ ।
४. सकार गरेपछि ७ दिन भित्रमा बाँकी रकम दाखिला गरी समझौता गरिसक्नुपर्नेछ । तोकेको अवधि भित्र कवोल रकम नबुझाएमा वा रकम बुझाइ सम्झौता नगरेमा धरौटी वापत राखिएको रकम जफत गरी अर्को व्यवस्था गरिनेछ ।

मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Ph. 023-401155
Email:kanakai.mun@gmail.com